# तिनाउ गाउँपालिका
Tinau Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive

पत्र संख्या /Letter No.:-
चलानी नं /Ref. No.:-

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

दोभान, पाल्पा
Dobhan Palpa
स्था : २०७३, Estd. 2017 A.D.


### निजी वन/निजी जग्गामा वृक्षारोपण अनुदानको लागि दरखास्त पेश गर्ने सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८१/०१/२१)

उपरोक्त सम्वन्धमा समृद्धिका लागि वन कार्यक्रम अन्तर्गत आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "निजी वन वृक्षारोपणका लागि अनुदान (महिला, दलित तथा विपन्नलाई प्राथिमकता)" को कार्यान्वयनका लागि निजी जग्गा वा निजी वनमा वृक्षारोपण कार्यक्रममा सहभागी हुन इच्छुक व्यक्ति/विभिन्न समुह/कृषि सहकारी/कृषि वन समुहले आफुले रोप्न चाहेको वहुउपयोगी मिश्रित प्रजातिहरु छनौट गरी तपसिलका आवश्यक कागजातहरु संलग्न राखि यस गाउँ पालिकाको कार्यालयमा दरखास्त पेश गर्न भनि मिति २०८०/०९/०३ गते सूचना प्रकाशन भएकोमा पर्याप्त मात्रामा निवेदनहरु नआएको हुदा पुन इच्छुक नागिरकले यो सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र सम्वन्धित वडा कार्यालय वा यस गाउँ पालिकाको कार्यालयमा निवेदन पेश गरिदिनुहुन यो दोश्रो पटक सूचना प्रकाशन गरिएको सम्वन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

आवश्यक कागजातहरुः

१. व्यहोरा खुलेको निवेदन (वृक्षारोपण गर्न ईच्छयाइएका प्रजातिहरु, संख्या र अनुमानित क्षेत्र खुलाई) (क्लस्टरमा संयुक्त निवेदन पनि पेश गर्न सकिनेछ । जस्तैः चार जनाले प्रति व्यक्ति १०० का दरले विरुवा रोप्ने गरि पनि निवेदन पेश गर्न सकिनेछ),
२. वृक्षारोपण गर्ने जग्गाको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि,
३. चालु आ.व.को मालपोत तिरेको रसिदको प्रतिलिपि,
४. नेपाली नागरिकताको प्रतिलिपि,
५. समुहको हकमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र बैठकको निर्णयको प्रतिलिपि ।

द्रष्टव्यः निजी वृक्षारोपण गरे बापतको अनुदान रकम स्वीकृत तीन वर्षे लागत अनुमानको पचास प्रतिशत हुन आउने परिमाण सम्बन्धित व्यक्ति/समुहलाई उपलब्ध गराईने छ । कार्यसम्पादनको आधारमा उपलब्ध गराईने यो रकम तीन वर्षमा भुक्तानी हुनेछ । वृक्षारोपण कार्यक्रमको अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात पहिलो वर्ष ४०%, दोश्रो वर्ष ३०% र तेश्रो वर्ष बाँकी ३०% हुन आउने रकम सम्वन्धित निजी वन/ निजी जग्गा धनीलाई प्रदान गरिनेछ ।

पुनश्चः निर्देशिका संशोधनको चरणमा रहेको र संशोधन भई आएमा सोहि वमोजिम वृक्षारोपणको लागि विरुवा संख्या र क्षेत्रफल कम हुन सक्ने छ । विस्तृत जानकारीको लागि वन प्राविधिक श्री रमेश थापा (९८६७२८८६३२) सँग सम्पर्क गर्नुहुन अनुरोध छ ।

२०८१/०१/२१

लेख बहादुर बस्नेत
प्रमुख प्रशासकिय अधिकृत